वर्ष ६, अंक ६, असोज

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

नेपाल प्रहरी प्रधान कार्यालय

अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल
प्र.उ. बिनोद सिलवाल

**सम्पादक मण्डल**
प्र.ना.उ. बेद प्रकाश जोशी
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० –१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–२० |
| उत्कृष्ट अनुसन्धान | २१ |

# विभागीय गतिविधि

## कसुरको अनुसन्धान गर्ने निकायहरुको विच सूचना आदान-प्रदान गर्नको लागि राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center NCIC) को छलफल कार्यक्रम



***काठमाडौं, ०४ असोज***

मिति २०८० असोज ०४ गते अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको आतिथ्यतामा कसूरको अनुसन्धान गर्ने निकायहरुको विच सूचना आदान प्रदान गर्नको लागि "राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center NCIC) को स्थापना र अपराध सम्बन्धी अभिलेखलाई के,कसरी आदान प्रदान गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको समुपस्थितिमा अपराध अनुसन्धान बिभागका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनाली, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भन्डारी, सिनियर प्रहरी अधिकृतहरु लगायत गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, राजश्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, वैदेशिक रोजगार विभाग, आन्तरिक राजश्व विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वन तथा भु-संरक्षण विभाग, वित्तिय जानकारी इकाई, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवालय र भन्सार विभागका अधिकृत स्तरका कर्मचारीहरुको उपस्थितिमा समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलाप वित्तिय निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६-०८१ बमोजिम नेपाल प्रहरीमा राष्ट्रिय अपराध सुचना केन्द्र (National Crime Information Center) स्थापना गर्नुपर्ने उल्लेख भएकोमा सो केन्द्रको स्थापना र कानून कार्यन्वयन तथा कसुरको अनुसन्धान गर्ने निकायहरुको उक्त केन्द्रमा सूचना भण्डारण, पहुँच र आदानप्रदान गर्नका लागि व्यवस्थित गर्ने कुरा कानूनमै समेटिनु पर्ने आवश्यकता भएकोले हाल संसदमा विचाराधीन केही ऐनलाई संशोधन गर्ने वेधेयक (सम्पत्ति शुद्दिकरण निवारण ऐन ,२०६४) मा समावेश गर्नका लागि तालुक गृह मन्त्रालयमा लेखि पठाउने र हाल नेपाल प्रहरीमा रहेको NCIC मा National Crime Information System को विकास भईसकेको सो प्रणालीमा Application Programming Interface (API) मार्फत जोडिन सक्ने अनुसन्धानकारी आवश्यक व्यवस्थाका लागी सम्बन्धित विभाग-मन्त्रालय मार्फत पहल गरी निकट भविष्यमा जोडिन तयार हुनुका साथै Data Sharing एवं अभिलेखमा पहुँचका सम्वन्धमा प्रणाली विकास गर्नका लागि सुझाव, समन्वय र सहजिकरणको लागि सम्वद्ध निकायहरुमा कम्तिमा अधिकृतस्तरको Focal Point Officer तोकी कार्यन्वयन गर्ने भनि निर्णय भयो।

## आसरा सुधार केन्द्र रानीबारीको २७औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न



***काठमाडौं, ७ असोज***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरको प्रमुख आतिथ्यमा आसरा सधार केन्द्र रानीबारीको २७औं वार्षिकोत्सव सोही केन्द्रको कार्यालय रानीबारीमा आयोजित एक समारोहबीच विविध कार्यक्रमकासाथ सम्पन्न भएको छ। सो अवसरमा प्रहरी महानिरीक्षक कुँवर र उक्त केन्द्रकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरले केन्द्रको नेतृत्वदायी भूमिकामा महत्वपूर्ण योगदान पुर्‍याई केन्द्रलाई हालको अवस्थासम्म ल्याउन विशेष योगदान पुर्‍याउनुहुने केन्द्रका पूर्व अध्यक्षद्वय श्रीमती ज्ञानु ज्ञवाली र श्रीमती कुशुम लता सिंह तथा केन्द्रको कार्यकारिणी समितितर्फ केन्द्रकी उपाध्यक्ष श्रीमती रूपा थापालाई सम्मानपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभयो। प्रहरी महानिरीक्षक कुँवरले केन्द्रको सुरक्षा व्यवस्थापनमा सहयोग गर्ने काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नम्बर २ महाराजगञ्ज, केन्द्रको आन्तरिक सुरक्षा एवं व्यवस्थापनमा योगदान पुर्‍याउने प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र र नगद पुरस्कार प्रदान गर्नुको साथै केन्द्रको वार्षिक प्रकाशन 'आसरा दर्पण २०८०' को विमोचन समेत गर्नुभयो। उक्त अवसरमा प्रहरी महानिरीक्षक कुँवरले सामाजिक सेवा मार्फत नेपाल प्रहरीको पहिचानलाई अझै प्रगाढ बनाउन मद्दत पुर्‍याएको उल्लेख गर्दै राष्ट्र र नागरिक सुरक्षामा अहोरात्र समर्पित नेपाल प्रहरीका समस्त सदस्यहरूलाई केन्द्रको सामाजिक सेवाले गौरवान्वित बनाएको बताउनुभयो। लागूऔषधको कारोबार तथा लागूऔषधमा संलग्न व्यक्तिहरूको संख्या बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै नेपाल प्रहरीले यसको नियन्त्रणका लागि देशव्यापी रूपमा 'लागूऔषध रोकथाम तथा नियन्त्रण कार्ययोजना' कार्यान्वयनमा ल्याएको उहाँले जानकारी गराउनुभयो। समारोहमा केन्द्रकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरले केन्द्रका परामर्शदाताहरूलाई प्रशंसापत्र र नगद पुरस्कारको साथै आन्तरिक खेलकुद प्रतियोगितामा विजयी हुने केन्द्रमा उपचाररत सदस्यहरूलाई पुरस्कार प्रदान गर्नुभयो। केन्द्रकी सचिव श्रीमती सीता ज्ञवालीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो समारोहमा केन्द्रमा उपचाररत सदस्यहरुले गीत, नृत्य प्रस्तुत तथा कविता वाचन र संगीत प्रशिक्षकबाट बाँसुरीको धुन प्रस्तुत गरिएको थियो। समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ

प्रहरी अधिकृतहरु, नेपाल प्रहरी श्रीमती संघ तथा केन्द्रका पदाधिकारीहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु समेतको उपस्थिति रहेको थियो।

## "साइबर अपराध अनुसन्धान सम्बन्धी अनलाईन अनुशिक्षण तालिम" सम्पन्न





***काठमाडौं, १६ असोज***

प्रस्तुत विषयमा प्रहरी महानिरीक्षक र अपराध अनुसन्धान विभागका विभागिय प्रमुखबीच आ.ब. २०८०/०८१ का लागि भएको कार्यसम्पादन सम्झौताको बुँदा नं. ३३ "विद्युतीय अपराध अनुसन्धान गर्ने मातहतका कार्यालयहरूमा सो अपराध अनुसन्धानलाई सहयोगी हुने Guidelines बनाई पठाउने तथा भर्चुअल माध्यमबाट अनुशिक्षण प्रदान गर्ने भन्ने क्रियाकलापको कार्यान्वयन तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० असार ५ गतेको निर्णय तथा ऐ असार ११ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम ७७ वटै जिल्ला अदालतहरूलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद ९ मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार तोकिएको हुँदा साइबर अपराध अनुसन्धानको लागि खटिने प्रहरी कर्मचारीहरूको तत्काल क्षमता विकास गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गरी **साइबर अपराध अनुसन्धान सम्बन्धी अनलाईन अनुशिक्षण तालिम**को पाठ्यक्रम तयार र स्वीकृती पश्चात ७७ वटै जिल्लाका अपराध अनुसन्धान गर्ने कार्यालयका जम्मा २४५ (प्र.ना.उ. २, प्र.नि. ७५, प्र.ब.ना.नि. १, प्र.ना.नि. ११, प्र.स.नि. ५४, प्र.ब.ह. - ३, प्र.ह.-१४, प्र.स.ह.-३२. प्र.ज.-५३) जना प्रहरी कर्मचारीहरूलाई सहभागी गराई मिति २०८० असोज १२ गते ४ कार्य दिन अवधिको **"साइबर अपराध अनुसन्धान सम्बन्धी अनलाईन अनुशिक्षण तालिम"** अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनालीको आतिथ्यतामा उदघाटन भई ऐ १६ गते अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङको समुपस्थितिमा ७७ वटै जिल्लाका प्रहरी प्रमुखलाई भर्चुअल माध्यमबाट जोडी आवश्यक निर्देशन पश्चात उक्त तालिम सम्पन्न भयो।

## मिसनमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, १८ असोज***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मिसनमा मिति २०७९।०६।१२ गते खटि गई सफलता पुर्वक कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएका प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत गर्नुभयो। स्वदेश फिर्ता हुने प्रहरी कर्मचारीहरुमा प्रहरी नायव उपरीक्षक ६ जना, प्रहरी निरीक्षक ३ जना, प्रहरी वरिष्ठ नायव निरीक्षक २ जना, प्रहरी सहायक हवल्दार १ जना र प्रहरी हवल्दार १ जना गरी जम्मा १३ जना हुनुहुन्थ्यो। उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वदेश फिर्ता हुनुभएका प्रहरी अधिकृतहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।

## UNMISS मिसनमा खटि जान लाग्नुभएका प्रहरी कर्मचारीहरुको बिदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, १९ असोज***

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मा खटी जाने प्रहरी टोलीलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो। उक्त टोलीमा प्रहरी नायव उपरीक्षक १, प्रहरी निरीक्षक ६, प्रहरी वरिष्ठ नायव निरीक्षक ३, र प्रहरी नायव निरीक्षक ४ जना गरी जम्मा १४ जना प्रहरी कर्मचारीहरूको

सहभागीता रहेको थियो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत र अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

## अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP III) कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन



***काठमाडौं, २४ असोज***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्धारा तेस्रो अपराध नियन्त्रण तथा अनुसन्धान कार्य **योजना (Crime Action Plan-CAP III)** कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्न नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ सहितका टोलीका सदस्यहरुले मिति २०८० असोज २२ गते जिल्ला प्रहरी कार्यालय रसुवा र मिति २०८० असोज २४ गते जिल्ला प्रहरी कार्यालय नुवाकोटको अनुगमन गर्नु भएको थियो । उक्त अवधिमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले उल्लेखित कार्यालयहरुले अपराध अनुसन्धानको क्षेत्रमा गरेका सम्पुर्ण कार्यहरुको सुक्ष्म रुपमा अनुगमन गरी देखिएका कमी कमजोरीहरु तत्काल सुधार गर्न निर्देशन दिई प्रभावकारी अनुसन्धानबाट मात्रै पीडितहरुले न्याय प्राप्त तथा पीडकहरुले कानुनी दण्ड प्राप्त हुने र न्यायमुलक समाज स्थापना हुने हुँदा बयानमुखी अनुसन्धान भन्दा प्रमाणमुखी अनुसन्धानमा ध्यान दिनुपर्ने बताउनुभयो ।

## "रिट निवेदनको जवाफ लेखन" अनुशिक्षण कार्यक्रम तालिम"



***काठमाडौं, २४ असोज***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको आयोजनामा प्रहरी कार्यालय र प्रहरी कर्मचारी विरुद्ध परेका रिट निवेदनको लिखित जवाफ लेखन कार्यमा एकरुपता ल्याउन र प्रहरी कर्मचारीलाई रिट निवेदनको जवाफ लेख्ने कार्यमा दक्ष बनाउने उद्देश्य अनुरुप मिति २०८० असोज २३ गते देखि २४ गते सम्म २ कार्यदिन अवधिको **"रिट निवेदनको जवाफ लेखन"** अनुशिक्षण कार्यक्रममा महान्यायधिवक्ताको कार्यालयका प्रशिक्षकहरुबाट प्रशिक्षण प्रदान गरियो । सो कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय र उपत्यका स्थित काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, जिल्ला प्रहरी परिसर र प्रहरी वृतबाट प्रहरी नायव उपरीक्षक १, प्रहरी निरीक्षक ३, प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी नायव निरीक्षक ३ र प्रहरी सहायक हवलदार २१ जना गरी जम्मा ३० जना साथै नेपाल प्रहरी प्रदेश कार्यालय, प्रदेश प्रहरी कार्यालय र ७७ वटै जिल्लाका मुद्धा चल्ने शाखमा कार्यरत सिनियर प्रहरी अधिकृत,जुनियर प्रहरी अधिकृत तथा जवानहरुलाई Virtual माध्यमबाट प्रशिक्षण दिई मिति २०८० असोज २४ गते उक्त तालिम सम्पन्न भयो ।

## CRIME & CRIMINAL INFORMATION SYSTEM (CCIS) तालिम सम्पन्न




*काठमाडौं, ८ असोज*


राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा मिति २०८० भदौ १८ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह-आवासीय CCIS आधारभुत तालिम नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त तालिममा प्रहरी सहायक निरीक्षक ३, प्रहरी वरिष्ठ हवल्दार १, प्रहरी हवल्दार १, प्रहरी सहायक हवल्दार ४ र प्रहरी जवान २६ जना सहित जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । **"Crime & Criminal Information System"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान सिप हासिल गर्नुका साथै दैनिक रुपमा घटेका घटनाहरुलाई Entry गर्न र दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायब महानिरीक्षक अरुण कुमार भण्डारीले बधाई समेत व्यक्त गर्नुभयो । साथै तालिममा प्रथम, द्धितिय र तृतिय प्रशिक्षार्थीहरुलाई विशेष पुरस्कार समेत प्रदान गरिएको थियो । उक्त अवसरमा भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको असोज महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (साउन-असोज)




## त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या (साउन-असोज)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ असोज सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७८०।०८१ असोज)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७८०।०८१ असोज)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ असोज)





## २०८० असोज महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० असोज महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० असोज महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० असोज महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ८६ | १९ वर्ष ११ महिना २१ दिन | १५४४५३२० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १९५ | ८१ वर्ष ९ महिना ८ दिन | ४०४२४७५ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १९१ | ७७ वर्ष ७ महिना ११ दिन | ४२०५२२७ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ५३ | ३२ वर्ष ९ महिना २३ दिन | १०८०१९९७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७८ | १०५ वर्ष ३ महिना २६ दिन | ९५६९९८६९ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १४८ | ४५ वर्ष | १६९२७७३ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १३ | ४ वर्ष १ महिना १३ दिन | ७०६०१ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ३२ | ११ वर्ष ११ महिना ४ दिन | ३४७८७११ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १५ | २९ वर्ष ८ महिना २३ दिन | ८३१४२३५४ |
| **जम्मा** | | **८११ जना** | **४०३ वर्ष ५९ महिना १२९ दिन** | **रु.२१,८५,७९,३२७।-** |

## २०८० असोज महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० भदौ र असोज महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० असोज महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० असोज महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | १,०१,७८३ | ८३,६७९ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ३३४ | २७७ |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | २,६१३ | २,१५५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | २२ | २२ |
| ५ | औंठाछाप प्रमाणिकरण | १९१ | १९१ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ९ | ९ |
| जम्मा | | १,०४,९५२ | ८६,३३३ |

# सामुदायिक प्रहरी गतिविधि

२०८० असोज महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







***जिल्ला सुर्खेत भेरी गंगा न.पा.१२ छिन्चु जनचेतनामूलक कार्यक्रम को केही झलकहरु :-***

# आसरा सुधार केन्द्र

## २०८० असोज महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## असोज महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १२ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ०८ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | २० २२६,जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० असोज महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## असोज महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८० सालको असोज महिनामा बिभिन्न १७ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतिय कसूर, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी, सुन तस्करी) अन्तर्गत ६९ वटा मुद्दाको ४६६ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- असोज महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/०६/०१ गतेदेखि २०८०/६/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६०९** केशहरु र **३६८८** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **४६४** केशहरु र **४३०४** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८०/०६/०१ गते देखि २०८०/०६/३० गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१६२५** DATA Entry भएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०६/०१ गते देखि २०८०/०६/३० गते** सम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१७४** केशहरु र **५३०** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **२०२** केशहरु र **५७२** नमूनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/०६/०१ गते देखि २०८०/०६/३० गते सम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **८५** केशहरु र **२४८** नमूनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **६३** केशहरु र **२१६** नमूनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० असोज महिनामा परिचालित संख्या**






*प्रहरी दिवसमा मार्च पास गर्दै केनाईन टोली*

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कुटपिटबाट एक जनाको मृत्यु, कुटपिटमा संलग्न आठ जना पक्राउ

***रूपन्देही, २ असोज***

तिलोत्तमा नगरपालिका-९ केवलानीस्थित एसजि रेष्टुरन्टमा दुई समूहबीच आपसी विवाद एवम् कुटपिट हुँदा मकवानपुर हेटौंडा बस्ने २५ वर्षीय सुरेश स्याङतानको मृत्यु भएको छ। कुटपिटमा संलग्न नुवाकोट लिखु गाउँपालिका-४ बस्ने १९ वर्षीय रोमन तामाङ समेत आठ जनालाई प्रहरीले पक्राउ गरेको छ। मादक पदार्थ सेवन गरी दुई समूहबीच विवाद भई कुटपिट भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मंगलापुर र ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले सुरेश समेत ४ जना घाइतेलाई उपचारको लागि मेडिकल कलेज भैरहवा पठाएकोमा उपचारको क्रममा सुरेशको मृत्यु भएको हो। घाइतेमध्ये १ जनाको अवस्था गम्भीर रहेको छ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

***दाङ, ७ असोज***

तुलसीपुर उपमहानगरपालिका-११ बेलटाकुरास्थित भगवती टोल बस्ने ४३ वर्षीया रिता लामिछानेको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३९ वर्षीय टेक बहादुर हमाललाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घर अगाडि उभिरहेको अवस्थामा टेक बहादुरले एक्कासि खुकुरी प्रहार गर्दा लामिछानेको घटनास्थलमै मृत्यु भएको र सोही ठाउँ बस्ने ४५ वर्षीय वीर बहादुर हमाल तथा उनकै आमा ६५ वर्षीया कमला कुमारी हमालसमेत घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय तुलसीपुर र प्रहरी चौकी जसपुरबाट खटिएको प्रहरीले टेक बहादुर हमाललाई उनकै घरबाट खुकुरीसहित पक्राउ गरेको हो। साथै खुकुरी प्रहारबाट घाइते भएका दुवै जनालाई उपचारको लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पठाइएकोमा वीर बहादुर उपचार पश्चात डिश्चार्ज भएका छन् भने कमला कुमारीको नर्सिङहोम नेपालगंजमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### धारिलो हतियार खुर्पा प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

***धादिङ, १३ असोज***

नेत्रावती गाउँपालिका-४ हल्दारे बस्ने ७२ वर्षीया सुकमाया गुरूङको धारिलो हतियार खुर्पा प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३६ वर्षीय मंगल गुरूङलाई प्रहरीले पक्राउ गरेको छ।सुकमाया आफ्नै घर नजिक सडकमा मृत अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धादिङ र प्रहरी चौकी टोड्केबाट खटिएको प्रहरीले घटनाको अनुसन्धानको क्रममा मंगलको संलग्नता रहेको खुल्न आएपछि उनलाई पक्राउ गरेको हो। साथै थप सोधपुछको क्रममा पुरानो रिसइवी तथा बाख्राले बाली खाएको विषयलाई लिएर खुर्पा प्रहार गरी हत्या गरेको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### छुरा प्रहार गरी हत्या गरेको घटनामा संलग्न १२ जना पक्राउ

***झापा, १६ असोज***

दमक नगरपालिका-१ कुमाल चोकस्थित रूवेल माछा फ्राई एण्ड रोष्ट हाउसमा ईलाम चुलाचुली गाउँपालिका-३ बस्ने ३८ वर्षीय गोविन्द लिम्बुको छुरा प्रहारबाट हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा १२ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा उक्त रोष्ट हाउसका संचालक विशाल कुमाल, दमक नगरपालिका-७ सयपत्री टोल बस्ने २२ वर्षीय सनम राई, सोही नगरपालिका-१ नवदुर्गा टोल बस्ने २२ वर्षीय आनन्द भन्ने राज कुमार भुजेल, सोही नगरपालिका-१ पाङमी चोक बस्ने २५ वर्षीय नामुद थेव, सोही नगरपालिका-१ फाल्गुनन्द चोक बस्ने २६ वर्षीय आकाश केरुङ, सोही नगरपालिका-७ पशुहाट टोल बस्ने २३ वर्षीय राहुल श्रेष्ठ, मोरङ कानेपोखरी गाउँपालिका-७ बस्ने २८ वर्षीय सलमान लिम्बु, ईलाम चुलाचुली गाउँपालिका-४ बस्ने ३१ वर्षीय सन्दिप राई, सोही गाउँपालिका-३ बस्ने ३८ वर्षीय सूर्य केरुङ, ३८ वर्षीय उपेन्द्र राई, झापा दमक नगरपालिका-७ राधाकृष्ण टोल बस्ने १८ वर्षीय किशोर र मोरङ बिराटनगर महानगरपालिका-६ अमाननगर बस्ने २९ वर्षीय मफुद मिया रहेका छन्। उक्त रोष्ट हाउसमा असोज १२ गते बिहान सनम राईसमेत १० जना मादक पदार्थ सेवन गरी विवाद हुँदा सनम राईले लुकाई राखेको छुराले गोविन्दलाई प्रहार गरी हत्या गरी फरार भएका थिए। घटनामा संलग्न व्यक्तिहरूको खोजी गर्ने क्रममा तत्काल खटिएको प्रहरीले सोही दिन ८ जनालाई, थप अनुसन्धानको क्रममा मोरङ उर्लाबारी नगरपालिका-१ टप्पु टोल उर्लाबारी-मधुमल्ला सडकमा प्र.१-०१-०१२ प २९५३ नम्बरको मोटरसाइकल रोकी राखेको अवस्थामा ३ जनालाई र घटनामा प्रयोग भएको छुरा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने मियालाई समेत पक्राउ गरेको हो। उक्त हतियार सोही महानगरपालिका-९ स्थित रोड शिक्षादिप कलेजको पार्किङ छेउमा रहेको झाडीबाट बरामद भएको छ। यस सम्बन्धमा प्रहरीबाट थप आवश्यक अनुसन्धान भइरहेको छ।

### घरायसी विवादमा आफ्नै सासुको हत्या गरेको अभियोगमा बुहारी पक्राउ

***सल्यान, २१ असोज***

घरायसी विवादमा आफ्नै सासु ४९ वर्षीया गणेसी रोकाको हत्या गरेको अभियोगमा सिद्धकुमाख गाउँपालिका-४ खार्बन बस्ने उनकै कान्छी बुहारी शर्मिला बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ। गणेसी रोका असोज १५ गते दिउँसो बारीमा धानको भारी लिन जान्छु भनी गएकोमा बेपत्ता भएपछि खोजी गर्ने क्रममा आफ्नै घरको भकारीभित्र असोज १८ गते बिहान शव फेला परेको थियो। घटनाको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सल्यानसमेतबाट खटिएको प्रहरीले थप अनुसन्धानको क्रममा गणेसीको हत्यामा शर्मिलाको संलग्नता खुल्न आएपछि उनलाई पक्राउ गरेको हो। उक्त दिन उनीहरूबीच धान बारीमा विवाद भएको र घर फर्किएपछि पुन: विवाद हुँदा शर्मिलाले दाउराले पटक पटक टाउकोमा प्रहार गरी पुन: सलले घाँटी कसी हत्या गरेको र घटना लुकाउने उद्देश्यले कोठामा लत्पतिएको रगतसमेत लुकाउन लिपपोत गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनी उपर जिल्ला अदालत सल्यानबाट ७ दिन म्याद थप गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## सुनको सिक्री लुटपाटमा संलग्न चार जना पक्राउ

***काठमाडौं, २ असोज***

काठमाडौं महानगरपालिका-१४ कुलेश्वर आवास क्षेत्र नजिकै सडक किनाराबाट पैदल हिँडिरहेकी एक जना महिलाको दुई तोलाको सुनको सिक्री लुटपाटमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२८ बागबजार ठेगाना भएका ४४ वर्षीय सुरज गुरुङ, पर्सा वीरगंज महानगरपालिका-१७ घर भई काठमाडौं महानगरपालिका-१७ क्षेत्रपाटी बस्ने ४८ वर्षीय अनवर हुसेन अंसारी, भारत पश्चिम बंगाल मेधिनापुर उदयचोक घर भई काठमाडौं महानगरपालिका-२३ बस्ने ४७ वर्षीय शक्ति भौमिक र भारत महाराष्ट्र सोलापुर गोरडवानी घर भई काठमाडौं महानगरपालिका-२२ प्यूखाचोक बस्ने ३० वर्षीय सचिन गाड्वे रहेका छन्। ती महिलाले घाँटीमा लगाई राखेको करिब २ तोला बराबरको सुनको लकेट सहितको सिक्री जबर्जस्ती लुटपाट गरी फरार रहेको घटना अनुसन्धानको क्रममा संलग्नता खुल्न आएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं उपत्यकाका बिभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरूमध्ये सुरज मोटरसाइकल चालक, अनवर मोटरसाइकल पछाडि बसेर सिक्री तान्ने, शक्ति सुन बेच्न सहयोग गर्ने र सचिन सुन खरिद गर्न संलग्न रहेको उक्त कार्यालयले जनाएको छ। उनीहरूलाई लुटपाट गरी लगेको सुन तथा प्रमाण लाग्ने अन्य दसिका सामानहरु सहित थप अनुसन्धानका लागी प्रहरी वृत्त कालिमाटी पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ३ असोज***

बुढानिलकण्ठ नगरपालिका-१३ चुनिखेल गाम्चा बस्ने आईतनारायण श्रेष्ठको घरबाट अन्दाजी ४ तोला सुनका गरगहना, अन्दाजी ५ तोला चाँदी र नगद ९० हजार गरी करिब ५ लाख ४८ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरी प्रभाग बुढानिलकण्ठबाट खटिएको प्रहरीले शंकास्पद १ जनालाई नियन्त्रणमा लिई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## पोल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ८ असोज***

पोल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चितवन भरतपुर महानगरपालिका-६ घर भई काठमाडौं महागरपालिका-३ बसुन्धरा बस्ने ४२ वर्षीय रविन्द्र अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। अधिकारीले ४ जनालाई वैदेशिक रोजगारका लागि पोल्याण्ड पठाई प्रतिष्ठित फुड प्याकिङमा मासिक १ लाख रुपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटकपटक गरी २७ लाख २५ हजार रूपैयाँ लिई सम्पर्क बिहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले उनलाई काठमाडौं बसुन्धराबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## सहकारी संस्थाबाट विभिन्न धनमाल चोरी

***प्युठान, १५ असोज***

मल्लरानी गाउँपालिका-३ सालठाटीस्थित लालीगुराँस वचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट करिब १ लाख ६० हजार रुपैयाँ बराबरको धनमाल गएराति चोरी भएको छ। उक्त लिमिटेडको च्यानलगेटमा लगाएको ताला फोडी कार्य संचालन गर्ने काउन्टर, लेखा कोठा र अध्यक्ष कक्षमा रहेका सेफ सहित तोडफोड गरेर उक्त रुपैयाँ बराबरको धनमाल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चुजाठाटीबाट खटिएको प्रहरीले चोरीमा हाल संलग्न फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १७ असोज***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी भक्तपुर सूर्यविनायक नगरपालिका-१ बस्ने ५१ वर्षीय गोकुल थापालाई प्रहरीले पक्राउ गरेको छ। बैंकिङ कसूर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं नयाँबानेश्वरबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीको जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, १८ असोज***

ललितपुर, महालक्ष्मी नगरपालिका-१ भैरबटोल डेरा गरी बस्ने काठमाडौं महानगरपालिका-२७ घर भएकी ३३ वर्षीया मिना श्रेष्ठको कोठबाट सुन तथा चाँदीका गहना र नगद १० हजार रूपैयाँ गरी करिब ६ लाख १७ हजार २ सय रूपयाँ बराबरको धनमाल चोरी भएको छ।

काठमाडौं, टोखा नगरपालिका-९ गोगंवु चोक डेरा गरी बस्ने गोरखा पालुङटार नगरपालिका-५ घर भएका ४५ वर्षीय बाबुराम देबकोटाको चहाना उज्वल एक्सपर्ट ईम्पोर्ट प्राईभेट लिमिटेडको कार्यालयबाट ल्यापटप २ थान, प्रोजेक्टर १ थान र क्वान्टम म्याग्नेटिक एनालाईजर १ थान गरी करिब २ लाख ६० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

यसैगरी काठमाडौं, तारकेश्वर नगरपालिका-७ फुटुङ नागपोखरी बस्ने ४० वर्षीय राम कुमार लुङ्गेली मगरको घरबाट विभिन्न सुनका गहना र नगद २० हजार रूपैयाँ गरी करिब १ लाख ३० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ३० असोज***

काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला बस्ने लक्ष्मण श्रेष्ठको घरबाट पछाडिको कोठा फुटाई प्रवेश गरेर मोबाइल, सुनका विभिन्न गहना र नगद गरी करिब ५ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरको अभियोगमा पक्राउ

***भोजपुर, ७ असोज***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भोजपुर नगरपालिका-३ दावारबे टोल बस्ने ७२ वर्षीय मान वहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठले ती बालिकालाई विभिन्न प्रलोभन देखाई गत वैशाख १२ गते जबरजस्ती करणी गर्दा गर्भ रहेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***अर्घाखाँची, ९ असोज***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सन्धिखर्क नगरपालिका-२ चुत्राबेशी बस्ने २१ वर्षीय राम बहादुर पुनलाई प्रहरीले पक्राउ गरेको छ। पुनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, १० असोज***

९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगरपालिका-१४ भेटनरी बस्ने ४० वर्षीय टेक बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ। विकले ती बालिकालाई जबरजस्ती करणी गरी फरार रहेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा तीन जना पक्राउ

***काठमाडौं, १२ असोज***

बर्दिया, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बढैयाताल गाउँपालिका-९ श्रीलंका टोल बस्ने  गेरूवा गाउँपालिका-५ गोला घर भएका ५२ वर्षीय कृष्ण कुमार दमाईलाई प्रहरीले पक्राउ गरेको छ। दमाईले ती बालिकालाई विभिन्न समयमा पटक-पटक जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय मैनापोखर र प्रहरी चौकी सितलाबजारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

मोरङ, १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा विराटनगर महानगरपालिका-३ जहदा बस्ने २० वर्षीय दिपेन्द्र कुमार मण्डल समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। मण्डल लगायत ६ जनाले ती किशोरीलाई जहदा जयरामपुर धान खेतमा बोलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी मझारेबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। घटनामा संलग्न हाल फरार अन्य व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***ललितपुर, २५ असोज***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ललितपुर महानगरपालिका-२७ सुनाकोठी बस्ने काभ्रे पनौती घर भएका २८ वर्षीय दीपक लामालाई प्रहरीले पक्राउ गरेको छ। लामाले ती बालिकालाई असोज २० गतेदेखि २३ गतेसम्म पटकपटक जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त चापागाँउबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २६ असोज***

बर्दिया, १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा ठाकुरबाबा नगरपालिका-१ भुरिगाउँ बस्ने १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती किशोरीलाई सोही नगरपालिका-३ गोदानास्थित घरमा लागि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय भुरीगाउँबाट खटिएको प्रहरीले ती किशोरलाई पक्राउ गरेको हो। साथै पीडितलाई ललाई फकाई गर्ने ठाकुरबाबा नगरपालिका-१ भुरिगाउँ बस्ने २९ वर्षीय अतल बहादुर थारूलाई समेत प्रहरीले आवश्यक अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ।

मुस्ताङ, ५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लोमान्थाङ गाउँपालिका-३ बस्ने २६ वर्षीय जप्याङ गुरूङलाई प्रहरीले पक्राउ गरेको छ। गुरूङले ती बालिकालाई थासाङ गाउँपालिका-२ स्थित विद्यालयको कक्षाकोठामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय लोमान्थाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषधसहित तीन जना पक्राउ

***काठमाडौं, १ असोज***

मोरङ, बिराटनगर महानगरपालिका-१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ ४७ मिलिग्रामसहित सोही महानगरपालिका-१५ बस्ने २४ वर्षीय प्रमिस डंगोललाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा ९ सय १९ केजी ३ सय २४ ग्रामसहित २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा भारत बलरामपुर बिर्तापुर बस्ने ४५ वर्षीय दुलारे यादव र ३५ वर्षीय योगेश बर्मा रहेका छन्। सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण मकवानपुरबाट खटिएको टोलीले चितवन खुरखुरेबाट वीरगंज हुँदै भारततर्फ जाँदै गरेको एनएल ०१ एसि २१४५ नम्बरको कन्टेनरलाई जाँच गर्दा २ फिटको फल्स बटम बनाई लुकाई छिपाई राखेको उक्त गाँजा फेला पारी ट्रक चालक दुलारे र सहचालक योगेशलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बुझाएको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट सात जना पक्राउ

***काठमाडौं, २ असोज***

कैलाली, धनगढी उपमहानगरपालिका-१५ कनरीबाट अवैध लागूऔषध खैरो हेरोईन १ सय २० मिलिग्राम र चरेश २ ग्राम ८६ मिलिग्रामसहित सोही उपमहानगरपालिका-१४ सी गाउँ बस्ने ३७ वर्षीय नवराज जोशीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कनरीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

कपिलवस्तु, बाणगंगा नगरपालिका-७ घेरुवा बनगाई नजिकैबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २ सय ९० मिलिग्रामसहित सोही नगरपालिका-७ बनगाई बस्ने ३६ वर्षीय ज्ञानराज परियार समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

मोरङ, बिराटनगर महानगरपालिका-१७ मटेरूवाबाट अवैध लागूऔषध ब्राउनसगुर १० ग्राम ३० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सुनसरी ईटहरी उपमहानगरपालिका-२० बस्ने ३७ वर्षीय अमृत पुरी र सुनसरी धरान उपमहानगरपालिका-१ बस्ने ३० वर्षीय सुसान्त रिजाल रहेका छन्। लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १-०२-०५२ प २७१७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित विभिन्न स्थानबाट छ जना पक्राउ

***काठमाडौं, ३ असोज***

महोत्तरी, जलेश्वर नगरपालिका-१ स्थित महादेव मन्दिर नजिकबाट अवैध लागूऔषध गाँजा करिब २ सय १० केजीसहित धादिङ थाक्रे गाउँपालिका-७ बस्ने २३ वर्षीय जिवन तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरीले बागमती प्रदेश ०१-०२६ च ४९२१ नम्बरको पिकप गाडीलाई जाँच गर्ने क्रममा गाडीभित्र लुकाई छिपाई १४ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी गाडीका सहचालक तामाङलाई पक्राउ गरेको हो। साथै हाल फरार गाडीका चालकको प्रहरीले खोजी गरिरहेको छ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङबाट अवैध लागूऔषध गाँजा १० केजी ३ सय ५० ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा मधुवन गाउँपालिका-२ बस्ने ४० वर्षीया सलामा खातुन र मकवानपुर हेटौंडा उपमहानगरपालिका-१५ बस्ने ३२ वर्षीय सामुएल प्रजा रहेका छन्। अस्थायी प्रहरी पोष्ट थानाभन्याङबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मनहरीबाट वीरगंजतर्फ जाँदै गरेको ना.६ ख १५८६ बसमा सवार सलामाको साथबाट ३ केजी १ सय ग्राम र ग.७ ख २२४० नम्बरको बसमा सवार सामुएलको साथबाट ७ केजी २ सय ५० ग्राम गाँजा फेला पारी पक्राउ गरेको हो।

कैलाली, धनगढी उपमहानगरपालिका-१ नैनादेवी चोकबाट अवैध लागूऔषध ब्राउनसुगर ६ सय ८० मिलिग्रामसहित बाजुरा बुढीगंगा नगरपालिका-६ बस्ने २० वर्षीय देवेन्द्र लुहारलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

बाँके, कोहलपुर नगरपालिका-१ कौशिलानगर बस्ने २३ वर्षीय प्रकाश बिकलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १५ ग्राम १६ मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले प्रकाशको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो।

यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-१४ बाबुगाउँबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५० ग्रामसहित डुडुवा गाउँपालिका-६ बस्ने २८ वर्षीय उदय राज मौर्यालाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय नेपालगंज, लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंज र लुम्बिनी प्रदेश अनुसन्धान समुहबाट खटिएको संयुक्त टोलीले युपि ४० एएफ ५३७३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक उदयलाई उक्त पदार्थसहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट नौ जना पक्राउ

***काठमाडौं, १० असोज***

मकवानपुर, हेटौंडा उपहानगरपालिका-१४ कालिका खोल्साबाट अवैध लागूऔषध गाँजा करिब ६० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१ चौकीटोल बस्ने ३३ वर्षीय धन बहादुर विक र मनहरी गाउँपालका-१ बस्ने ४० वर्षीय अवतार सिंह डिमडुङ रहेका छन्। उक्त खोल्सामा लागूऔषध गाँजा लुकाई छिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर, ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेबाट खटिएको संयुक्त टोलीले उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो।

यसैगरी मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब २० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चितवन राप्ती नगरपालिका-३ बस्ने २२ वर्षीय अशोक तामाङ र ३२ वर्षीय बिसन प्रजा रहेका छन्। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले प्रदेश ३-०१-०२५ च ५७८३ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो। कैलाली, धनगढी उपमहानगरपालिका-४ बोराडाडीबाट अवैध लागूऔषध खैरो हेरोईन १ ग्राम १ सय ६० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा जोशीपुर गाउँपालिका-७ बस्ने २२ वर्षीय बिनय कुवँर र सोही गाउँपालिका-२ बस्ने २२ वर्षीय दिनेश रावत रहेका छन्। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।

कञ्चनपुर, भिमदत्त नगरपालिका-१० ब्यारेलबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ २ ग्राम ५५ मिलिग्रामसहित सोही नगरपालिका-१९ बस्ने ३२ वर्षीय राम किशन रानालाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वर शाखा कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले रानालाई साइकलमा लुकाई राखेको उक्त पदार्थसहित पक्राउ गरेको हो।

मोरङ, बिराटनगर महानगरपालिका-१८ लाभाघाटबाट अवैध लागूऔषध गाँजा करिब २१ किलो ५ सय ग्राम र नगद ४० हजार रुपैयाँसहित को.१ च ४६१९ नम्बरको एम्बुलेसका चालक सुनसरी धरान उपमहानगरपालिका-११ बस्ने ३८ वर्षीय गंगा सरकारलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेको उक्त एम्बुलेस र बीआर ३८ एएफ ०३३६ नम्बरको भारतीय मोटरसाइकललाई जाँच गर्ने क्रममा एम्बुलेसको डिक्कीमा राखेको उक्त गाँजा र नगद सहित एम्बुलेन्स चालक गंगालाई पक्राउ गरेको हो। हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ।

यसैगरी मोरङ, बिराटनगर महानगरपलिका-१८ लाभाघाटस्थित खेतबाट अवैध लागूऔषध गाँजा १६ किलो ५ सय ग्राम प्रहरीले बरामद गरेको छ। उक्त खेतको परालमा वेवारिसे अवस्थामा गाँजा लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुधनगर र अस्थाई प्रहरी पोष्ट भेडियारीबाट खटिएको प्रहरीले उक्त गाँजा फेला पारी बरामद गरेको हो।

रूपन्देही, मायादेवी गाउँपालिका-२ माहादेवाबाट अवैध लागूऔषध खैरो हरोइन जस्तो देखिने धुलो ३३ ग्राम १ सय १० मिलिग्रामसहित सोही ठाउँ बस्ने २६ वर्षीया सन्ध्या मल्लाहलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध कारोबार भइरहेको छ भन्ने सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो, जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय सुर्यपुराबाट खटिएको प्रहरी टोलीले उनलाई उक्त धुलोसहित पक्राउ गरेको हो। साथै सोही ठाउँ बस्ने रमई मल्लाहको घर तलासी गर्दा अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने धुलो ३३ ग्राम ४ सय ८० मिलिग्राम फेला पारी प्रहरीले बरामद गरेको छ। हाल फरार रमईको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरील थप अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## प्रहरी कर्मचारीमाथि हातपात तथा दुर्व्यवहार गरेको अभियोगमा तीन जना पक्राउ

***संखुवासभा, ४ असोज***

प्रहरी कर्मचारीमाथि हातपात तथा दुर्व्यवहार गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पाँचखपन नगरपालिका-७ विहीवारे बजार बस्ने ३२ वर्षीय महेश कटुवाल, २९ वर्षीय बसन्त कटुवाल र २४ वर्षीय बिष्णु कटुवाल रहेका छन्। पाँचखपन नगरपालिका-७ विहीवारे बजारमा उनीहरुले मादक पदार्थ सेवन गरी हो-हल्ला गरिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय वानाबाट खटिएको प्रहरीले सम्झाइ बुझाइ गर्ने क्रममा प्रहरी कर्मचारी माथिनै हातपात तथा दुर्व्यवहार गरेपछि उनीहरुलाई पक्राउ गरेको हो। हातपात गर्दा घाइते भएका एक जना प्रहरी कर्मचारी बाना स्वास्थ्य चौकीमा उपचार पश्चात डिस्चार्ज भएका छन्।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## भरूवा बन्दुक र भरूवा बन्दुक बनाउन प्रयोग हुने सामग्रीसहित पक्राउ

***रूकुम पश्चिम, ५ असोज***

मुसिकोट नगरपालिका-६ बस्ने ३६ वर्षीय झगेन्द्र भण्डारीलाई ३ नाल भरूवा बन्दुक, नाल बनाउन प्रयोग हुने पाईप १ थान, सट्गनको कार्टिज ५ राउण्ड, बारुद बनाउन प्रयोग हुने गन्धक करिब १ मुठी, सोडा आधा प्याकेट, फलामको छड काटेर बनाएको छर्रा ६ वटा, गोली जस्तो बनाएको फलामको टुक्रा १५ वटा, क्यापमा प्रयोग हुने पटाका २० रोल र बारुद २ डिब्बासहित प्रहरीले पक्राउ गरेको छ । भण्डारीको घरमा भरूवा बन्दुक लुकाई छिपाई राखेको भन्ने सूचानको आधारमा जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिमबाट खटिएको प्रहरीले घर तलासी गर्ने क्रममा उक्त हातहतियारसहित फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जुवातास खेलिरहेको अवस्थामा सात जना पक्राउ

***कैलाली, ६ असोज***

धनगढी उपमहानगरपालिका-२ चौराह बस्ने ४८ वर्षीय आनन्द केसीको घरमा जुवातास खेलिरहेको अवस्थामा केसी समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ६४ हजार ३ सय ८० रूपैयाँ, ९ थान मोबाइल र ३ गड्डी तासमहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## गैंडा मारी खाग चोरी लगेको मुद्दाका फरार प्रतिवादी पक्राउ

***चितवन, ८ असोज***

गैंडा मारी खाग चोरी लगेको मुद्दाका फरार प्रतिवादी गोरखा साविक आरुपोखरी गाविस-२ स्थायी ठेगाना भई हाल चितवन कालिका नगरपालिका-२ बस्ने ४४ वर्षीय यम बहादुर बानियाँलाई घटनाको २५ वर्षपछि प्रहरीले पक्राउ गरेको छ । चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र खाल्डोमा २०५५ कात्तिक २८ गते गैंडा मारी खाग काटि चोरी लगेको वन्यजन्तु कसूर मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको २०५७ माघ २५ गतेको फैसलाले १० वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले भरतपुर महानगरपालिका-१० चौबिसकोटी चोकबाट पक्राउ गरेको हो । उनलाई आवश्यक कानूनी कारबाहीको लागि चितवन राष्ट्रिय निकुञ्जको कार्यालय कसरा चितवनमा बुझाइएको छ ।

## सालकको खपेटासहित चार जना पक्राउ

***काठमाडौं, १० असोज***

काठमाडौं महानगरपालिका-२६ सामाखुशीबाट दुर्लभ वन्यजन्तु सालकको खपेटा ९ सय ग्राम १२ मिलिग्रामसहित सिन्धुपाल्चोक साँगाचोक नगरपालिका-१० घर भई भक्तपुर सूर्यविनायक बस्ने ३३ वर्षीय तिले तामाङसमेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । सामाखुशीस्थित कल्पना खाजा घरमा दुर्लभ वन्यजन्तु सालकको खपेटा लुकाई लिई बसेको भन्ने सूचनाको आधारमा प्रहरी प्रभाग गोगंबुबाट खटिएको प्रहरीले खोजी तथा जाँच गर्ने क्रममा तामाङको झोलामा लुकाई राखेको उक्त खपेटासहित उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## रक्त चन्दन जस्तो देखिने काठसहित आठ जना पक्राउ

***कपिलवस्तु, १४ असोज***

बुद्धभूमी नगरपालिका-१ पत्थरकोटबाट रक्त चन्दन जस्तो देखिने काठ करिब ६ सय ५३ केजी १ सय ८८ ग्रामसहित शिवराज नगरपालिका-३ बस्ने २६ वर्षीय टिकाराम पाण्डे र अर्घाखाँची पाणिनी गाउँपालिका-७ पोखेडाँडा बस्ने ३३ वर्षीय गोकुल दर्लामी लगायत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले अर्घाखाँचीबाट कपिलवस्तुतर्फ आउँदै गरेको ना.५ ख ७३८२ नम्बरको ट्रकमा ६ सय १६ केजी ९ सय ७० ग्राम र लु.२ च १६३९ नम्बरको पिकअपमा ३६ केजी २ सय १८ ग्राम गरी उक्त परिमाणको काठ लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा फेला पारी ट्रक चालक टिकाराम र पिकअप चालक गोकुल लगायत उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई उक्त गाडी र काठसहित आवश्यक कारबाही तथा अनुसन्धानका लागि सव डिभिजन वन कार्यालय तौलिहवा कपिलवस्तुमा बुझाइएको छ ।

## राजश्व छलिका विभिन्न ८० थान मोबाइलसहित एक जना पक्राउ

***काठमाडौं, १६ असोज***

काठमाडौं महानगरपालिका-२२ न्यूरोडबाट राजश्व छलिका विभिन्न कम्पनिको ८० थान मोबाइलसहित काठमाडौं कागेश्वरी मनहरा नगरपालिका-७ बस्ने रामेछाप लिखु गाउँपालिका-६ घर भएका २९ वर्षीय मिलन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । न्यूरोड क्षेत्रमा राजश्व छलिका मोबाइल लुकाई राखेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले श्रेष्ठलाई उक्त मोबाइल र बा.१९ च ५०९४ नम्बरको गाडीसहित पक्राउ गरेको हो । उनलाई आवश्यक कार्वाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौं पठाइएको छ ।

## सहकारीको रकम हिनामिना गरेको अभियोगमा सहकारी संस्थाका अध्यक्ष पक्राउ

***काठमाडौं, १८ असोज***

सहकारीको रकम हिनामिना गरको अभियोगमा देउराली बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष काभ्रेपलान्चोक चौरी देउराली गाउँपालिका-६ वतन भएका ३९ वर्षीय रविन्द्र चौलागाईलाई प्रहरीले पक्राउ गरेको छ । उक्त सहकारीका संचालक समितिका सदस्यहरुले निक्षेपकर्ताहरुलाई आकर्षक ब्याजदर दिन्छु भनि प्रलोभन देखाई निक्षेपकर्ताको रकम विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक/त्रैमासिक/वार्षिक रुपमा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वास दिलाई बचतकर्ताहरुले जम्मा गरेको ४ करोड ४९ लाख ९९ हजार ४ सय ४३ रूपैयाँको बचत पटक-पटक ताकेता गर्दा साँवा, ब्याज फिर्ता नदिएको भन्ने उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो साथीहरूसँग नजिक भई प्रेम जालमा पारी विभिन्न बहानामा खिचिएका अश्लिल फोटो तथा भिडियोहरूको दुरूपयोग गरी नक्कली फेसबुक आइडी बनाई उक्त भिडियोहरू पीडितको आफन्तहरूलाई समेत पठाई चरित्र हत्या गरेको घटनामा संलग्न चौगुठीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि नेपाल प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरो भोटाहिटी पठाइएको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८०।०६।०२ गते अं. १७:०० बजेको समयमा जिल्ला काठमाडौं चन्द्रागिरी नगरपालिका वडा नं ३ बुद्धपार्क स्थित जंगलमा परिवर्तित नाम थानकोट ज ०८०/०८१ ले वर्ष १२ की पीडित बालिका परिवर्तित नाम थानकोट छ ०८०/०८१ लाई ललाई फकाई गरी जंगल भित्र लगी जबरजस्ती करणी गरेको हुँदा प्रतिवादी लाई नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको पीडित बालिकाको बुवाको मिति २०८०।०६।०३ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश हुँदा प्रतिवादीलाई सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८०।०६।२३ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक - कर्तब्य ज्यान

जिल्ला सिन्धुपाल्चोक बाहविसे नं.पा. वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. काँडाघारी विरेन्द्र चौक बस्ने अनिरुद्र भण्डारीको छोरा बर्ष २३ को संजय भण्डारीले जिल्ला दोलखा कालिञ्चोक गा.पा.वडा नं. ८ घर भई काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ तिनकुने स्थित दिव्य स- मिलमा कामदारको रुपमा बस्दै आएका अ. बर्ष ५६ का कुमार भुजेल भन्ने पूर्ण बहादुर भुजेल, ऐ.ऐ घर भई सोही मिलमा बस्ने निजको श्रीमती बर्ष ५० की अम्बिका भुजेल, पूर्ण बहादुर भुजेलको आमा बर्ष ७६ की सुभद्रा भुजेल र जिल्ला धनकुटा भिरगाँउ गा.पा. घर भई हाल सोही स-मिलमा बस्ने अं. बर्ष १९ को नबिन भन्ने बिशाल राईलाई मिति २०८०।०५।२९ गते राती अं.२१:४५ देखी अं.२२:१५ बजेको समयमा धारिलो हतियार प्रहार गरी कर्तब्य गरेको भन्ने खबर प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश हुँदा प्रतिवादीलाई सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८०।०६।२६ गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि कारागार चलान गरिएको।

## मुद्दा शीर्षक – ज्यान मार्ने उद्योग

मिति २०८०।०६।०८ गते जिल्ला इलाम देउमाई न.पा.वडा नं.७ बस्ने बर्ष ३६ की ईन्द्रकला भन्ने ईन्द्रमाया तामाङलाई ऐ.ऐ.बस्ने निजकै सहोदर देवर बर्ष ३३ को सन्तोष भन्ने सन्त बहादुर तामाङले धारिलो हतियार खुर्पा प्रहार गरी काटी घाईते बनाएको हुदाँ निज प्रतिवादीलाई कारवाही गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०६।०८ गते जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित इलाम जिल्ला अदालतमा पेश हुँदा सम्मानित इलाम जिल्ला अदालतको मिति २०८०।०६।२४ गतेको आदेशले प्रतिवादीलाई कारगार चलान गरिएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०६।०१ गते अं. २१.०० बजे जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं.०८ बालपुर स्थित तिजको रमाईलो हेरी छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीलाई घर पुग्न साथ मेरो श्रीमान बल बहादुर दर्जीले गाली गलौज गरी घरको आगनमा रहेको दाउरा चिरपट उठाई बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जी माथी प्रहार गरेको हुँदा उक्त प्रहार गरेको दाउरा चिरपट छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीले खोसी मेरो श्रीमान बल बहादुर दर्जीको टाउकोमा प्रहार गरी हान्दा सख्त घाईते भएको हुँदा घाईते मेरो श्रीमान बल बहादुर दर्जीलाई स्थानिय मानिसहरुको सहयोगमा उक्त स्थानबाट उठाई सामुदायिक अस्पताल जितपुर कपिलवस्तुमा लगी औषधी उपचार गराउने क्रममा मृत्यू भएको हुँदा छोरा बिकास परियार र भुवन परियार भन्ने भुवन दर्जीलाई कानून बमोजिम कारवाही होस भन्ने ब्यहोराको जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं. ८ बस्ने बर्ष ६२ की पार्वती परियारको मिति २०८०।०६।०२ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८०।०६।२२ गतेको आदेशले प्रतिवादी विकास परियार र भुवन परियार भन्ने भुवन दर्जी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०८०।०५।२८ गतेका दिन दिउँसो अं.१४:०० बजेको समयमा जिल्ला ललितपुर ललितपुर.म.न.पा. वडा नं. १९ अग्निशाला कुमारीपाटी बस्ने बर्ष १५ की परिवर्तित नाम २०८०/०८१ जावलाखेल ५ लाई पीडितकै घरमा जिल्ला ललितपुर ललितपुर.म.न.पा. वडा नं. १९ अग्निशाला कुमारीपाटी बस्ने वर्ष १६ को हाल परिवर्तित नाम लेलेप (क) ले जबरजस्ती करणी गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०८०।०६।०३ गते जाहेरी दरखास्त प्राप्त भएकोमा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित ललितपुर जिल्ला अदालतमा पेश हुँदा प्रतिवादीलाई सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८०।०६।२२ गतेको आदेशले प्रतिवादी अभिभावकको जिम्मा छुटेको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।०५।३१ गते राती अं. ११:३० बजेको समयमा जिल्ला पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ घोडेबास स्थितमा तिजको नाच भईरहेको अवस्थामा जिल्ला पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ बस्ने बर्ष २४ को सुनिल भन्ने भविशंकर खत्रीलाई जिल्ला पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ बस्ने बर्ष १८ को समिर भन्ने मिन बहादुर थापा, ऐ.ऐ. बस्ने बर्ष २१ को तिलक पुन, ऐ.ऐ. बस्ने बर्ष २७ को लिल बहादुर सारु, जिल्ला रुपन्देही सियारी गाउँपालिका वडा नं. १ घर भई हाल जिल्ला पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ डेरा गरी बस्ने बर्ष २४ को दिपक पत्थरकट्ट र जिल्ला नवलपरासी (पश्चिम) सुस्ता गाउँपालिका वडा नं. १ घर भई जिल्ला पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ बस्ने बर्ष २७ को बल्ली पथरकट्ट समेतले धारिलो हतियार चक्कु प्रहार गर्दा निज सुनिल खत्री गम्भीर घाइते भएकोमा निजलाई तत्काल औषधी उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रुपन्देही लगिएकोमा मिति २०८०।०६।०१ गते बिहान ०१:४५ बजे डाक्टरले मृत घोषणा गरेको हुँदा निज प्रतिवादीहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको टेक बहादुर खत्रीको मिति २०८०।०६।०२ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित पाल्पा जिल्ला अदालतमा पेश हुँदा सम्मानित पाल्पा जिल्ला अदालतको मिति २०८०।०६।२६ गतेको आदेशले प्रतिवादी समिर भन्ने मिन बहादुर थापा समेत ५ जनालाई पूर्पक्षको लागि कारागार चलान गरिएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np